Vangmaya DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68157
Vol. 20, No. 1: 126-137, July 2024
Central Department of Nepali, Kirtipur

# गीता केशरीका उपन्यासमा नारीचेतना

डा. अम्बिका अर्याल


## लेखसार

*प्रस्तुत आलेख गीता केशरीका उपन्यासमा नारीचेतनाको अध्ययनमा आधारित छ । सत्तामा पुरुषको एकाधिकार, नेतृत्व, वर्चस्व रहनु नै पितृसत्ता हो । यो लेख पितृसत्ताले नारीमाथि गर्ने शासन, दमन र विभेदका विरुद्ध नारीले गरेका विद्रोह, सङ्घर्ष तथा त्यसप्रतिको प्रतिरोधी चेतनाको प्रस्तुति उनका उपन्यास केकसरी गरिएको छ भन्ने मूल जिज्ञासामा केन्द्रित छ । यस लेखमा केशरीका उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा तथा पितृसत्तासम्बन्धी सिद्धान्त एवम् विश्लेष्य उपन्याससँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा सिमोन द बुभाले अघि सारेका पितृसत्ताप्रतिको प्रतिरोधी चेतनासम्बन्धी नारीवादी सिद्धान्तलाई कृतिविश्लेषणको सैद्धान्तिक आधार मानी निगमनात्मक विधिबाट तथ्यको विश्लेषणपश्चात समस्याको समाधान गरिएको छ । सोद्देश्यमूलक नमुना छनोटविधिका आधारमा पितृसत्ताविरोधी चेतना प्रबल भएका कृतिलाई यस आलेखमा विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ । उनका उपन्यासहरूमा राजनीति, समाज र विश्वकै प्रभावले नारीहरूलाई आफ्नो अधिकार रक्षाका लागि सचेत तुल्याएको सन्दर्भ, कुमारी आमामाथि प्रश्नचिह्न लगाउने समाजलाई नारीहरूले जवाफ दिन चालेको कदम, शिक्षा, रोजगार, सम्पत्ति आदिमाथि पितृसत्ताको नियन्त्रणका कारण नारीले आफ्नो अस्तित्वको रक्षा गर्न नसकेको सन्दर्भको चित्रण गरिएको छ । यी उपन्यासमा प्रस्तुत पितृसत्तात्मक दमन तथा यौनहिंसाको विरोधप्रतिको चेतनाको विश्लेषणबाट विभेदमुक्त समाजनिर्माणको दिशामा केशरीका उपन्यासले पुर्‍याएको योगदान निकै महत्त्वपूर्ण रहेको निष्कर्ष यसमा निकालिएको छ ।*


**शब्दकुञ्जी** : अस्तित्व, अधीनता, द्विचर, पुरुषप्रभुत्व, यौनिकता ।

## १. विषयपरिचय

गीता केशरी (१९९७) नेपाली साहित्यको आख्यान विधामा कमल चलाउने नारीस्रष्टा हुन् । कथालेखनबाट साहित्यमा प्रवेश गरेकी केशरीका *कसिङ्गर* (२०३४), *सौगात* (२०४६), *आवाज* (२०४७), *मुक्ति* (२०४८), *खोज* (२०५०), *अन्तिम निम्तो* (२०५१), *विश्वास* (२०५२), *खुला आकाश* (२०५४), *नोकरी* (२०५५), *निष्कर्ष* (२०६०), *बदलिँदो क्षितिज* (२०६६), *फक्रँदो कोपिला* (२०६८), आमा (२०७०) र नयाँ अध्याय (२०७४) जस्ता उपन्यासहरू प्रकाशित भइसकेका छन् । पितृसत्ता पुरुषलाई केन्द्रमा राख्ने शासनपद्धति हो । यसले पुरुषका तुलनामा नारीलाई कमजोर, निरीह, दयाकी पात्र तथा तुच्छ परिभाषित गरिदिन्छ । यस किसिमका विभेद र दमनका विरुद्धमा नारीमा जागृत चेतना पितृसत्तात्मक विभेदप्रतिको नारीचेतना हो । पाश्चात्य साहित्यसमालोचनामा उन्नाइसौँ शताब्दीमा विकसित नारीवादी अवधारणाले यसलाई मूल प्रवृत्तिका रूपमा लिएको पाइन्छ । उनका हालसम्म प्रकाशित उपन्यासमध्ये पितृसत्तात्मक विभेदप्रतिको चेतना प्रबल बनेका उपन्यासको सोद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी सात उपन्यासलाई मात्रै विश्लेषणका लागि चयन गरिएको छ । यस्तै नारीवादका अनेक प्रकार

र शाखाहरूलाई छाडेर सिमोन द बुभाले अघि सारेको पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनालाई मूल रूपमा सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ। केशरीका उपन्यासमा पितृसत्ताले निर्माण गरेको विभेदको खाडलमाथि प्रश्नचिह्न खडा गर्दै समतामूलक समाजनिर्माणका लागि अग्रसर एवम् सचेत पात्रहरूको उपस्थिति रहेको हुनाले पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतनालाई आधार मानेर तिनको उपन्यासको विश्लेषण गरिनु औचित्यपूर्ण देखिएको छ । यसअघि गरिएका पूर्वअध्ययनहरूमा उनका नारीचेतनायुक्त उपन्यासमा केन्द्रित भएर पितृसत्तात्मक विभेदप्रतिको विद्रोही स्वरको विश्लेषण, पहिचान तथा निरूपण भइनसकेको सन्दर्भले यस क्षेत्रमा अध्ययन हुन बाँकी नै रहेको तथ्यलाई प्रस्ट पार्दछ । यही प्राज्ञिक रिक्ततालाई पूर्ण गर्ने लक्ष्यले शोध गरिनु महत्त्वपूर्ण, औचित्यपूर्ण एवम् उपयोगी देखिएकाले यो लेख सोही विषयमा केन्द्रित रहेको छ ।

## २. अध्ययनविधि

प्रस्तुत शोधकार्य गुणात्मक प्रकृतिको रहेको छ र यसमा निर्धारित उपन्यासबाट सामग्री सङ्कलन गरी तिनको विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन फ्रान्सेली नारीवादी सिमोन द बुभाको पितृसत्तात्मक विभेदप्रतिको विरोधसम्बन्धी अवधारणाका आधारमा केशरीका उपन्यासहरूको विश्लेषणमा केन्द्रित भएको हुनाले निगमनात्मक प्रवृत्तिको बनेको छ । यस लेखमा सोद्देश्यमूलक नमुना छनोटविधिका आधारमा पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना प्रबल भएका उपन्यासलाई विवेच्य कृतिका रूपमा चयन गरिएको छ साथै तिनमा प्रस्तुत तथ्यको विश्लेषण गर्न पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यस क्रममा विवेच्य उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने यससँग सम्बन्धित समालोचनात्मक लेखहरू र नारीवादी सिद्धान्तसँग सम्बन्धित कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यी सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ ।

## ३. नारीचेतनाको सैद्धान्तिक आधार

पुरुषको सत्ता नै पितृसत्ता हो र पाश्चात्य साहित्य समालोचना सिद्धान्तमा विकसित नारीवादको आक्रमण यही पद्धतिप्रति छ। पुरुषले पुरुषकै हितमा विकसित गरेको शासनव्यवस्था नारी हितमा नभएको दाबी नारीवादले गर्दछ। वास्तवमा पितृसत्ता अङ्ग्रेजी शब्द 'पेट्रिआर्की' को नेपाली रूपान्तरण हो । ल्याटिन शब्द 'पेटर' अर्थात् 'फादर' बाट 'पेट्रिआर्की' शब्दको निर्माण भएको हो । पितृसत्ता पितृ र सत्ता शब्दको मेल भएर बनेको तत्सम नाम शब्द हो । पितृको अर्थ पिता र सत्ताको अर्थ शासन भन्ने हुन्छ । यसले पिताको शासन भन्ने शाब्दिक अर्थ दिन्छ । यसको खास अभिप्राय भने पिताको मात्र नभएर पुरुषको शासन भन्ने हुन्छ (लर्नर, सन् १९८६ पृ.२३९) । पितृसत्तामा पुरुष मियोका रूपमा हुन्छ र पुरुषकै अधीनमा परिवार चल्दछ । सामान्य निर्णयदेखि ठुलाठुला योजना तथा निर्णय पुरुषकै हातमा हुन्छ । यसले महिलालाई कुनै अधिकार तथा स्वतन्त्रता दिनुभन्दा पनि नियन्त्रणमा लिने संयन्त्र स्थापना गरेको हुन्छ । पितृसत्तात्मक समाजमा पुरुषहरू औसत वा सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, इज्जतदार र स्रोतसाधनले सम्पन्न हुन्छन् । महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेदका विविध रूपहरू, भेदभाव र नियन्त्रण, हिंसा, असम्मान, दमन आदि सबै पितृसत्तात्मक सामाजिक संरचनाका विशेषता हुन् (पाण्डे, २०६९, पृ. ११) । यसर्थ पितृसत्ताको निर्माण तथा सञ्चालनमा पुरुषकै हालीमुहाली हुन्छ । पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक संरचना नै पितृसत्ता हो । जुलियट मिसेलका अनुसार पितृसत्तात्मक शक्तिले महिलाहरूमा हीन भावना उत्पन्न गराउँदछ । सिल्विया वैल्वीका अनुसार पितृसत्ता पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गरी दमन र शोषण गर्ने सामाजिक ढाँचा तथा रीतिरिवाजको व्यवस्था हो (भासिन, सन् २०११, पृ. ५) । जुनसुकै क्षेत्रमा महिलामाथिको नियन्त्रण, शासन तथा आधिपत्यको स्थिति पितृसत्ताको विशेषता हो । यसले पुरुषलाई सर्वेसर्वा भूमिकामा राख्दछ भने महिलालाई

उसकै इच्छापूर्तिको साधनका रूपमा नियन्त्रण गर्दछ । तसर्थ यसले नारीको दुर्नियति, कमजोरी, दुर्भाग्यमाथि धज्जी उडाउँदै पुरुष सर्वोपरिता र आधिपत्यको संरक्षण गर्दछ ।

पितृसत्ताकै कारणले नारीहरू दमनमा पर्दै आइरहेका छन् भन्ने चेतना वर्तमान समाजमा यत्रतत्र फैलिएको छ । यसले नारीहरू कतिसम्म थिचोमिचोमा परेका रहेछन् भन्ने तथ्यलाई सार्वजनिक गर्दै अब यस किसिमका दमन र अत्याचार नसहने प्रतिबद्धता लिएर वैचारिक आन्दोलन थालेको छ जसले गर्दा नारीवादसम्बन्धी अवधारणाहरूको जन्म र विकास भइरहेको छ । पाश्चात्य साहित्य सिद्धान्तका रूपमा उन्नाइसौँ शताब्दीदेखि नै सुरु भएको नारीवादी आन्दोलनले हालसम्म आउँदा विभिन्न प्रवृत्ति तथा धारमा आफूलाई विकास गर्दै अघि बढेको छ । नारीवादले उठाएको मुख्य मुद्दा नै पितृसत्ताप्रतिको चेतना र विरोध हो । समाजमा विस्तारित पितृसत्तात्मक सभ्यता पुरुषकेन्द्रित, नियन्त्रित, सङ्गठित हुनाका साथै पारिवारिक, धार्मिक, राजनीतिक, आर्थिक, कानुनी र कलाजस्ता सबै सांस्कृतिक क्षेत्रमा महिलामाथि अधीन जमाउँदै पुरुषले गर्नेगरेको नेतृत्वले महिलालाई सीमान्तमा राखेको भनी त्यसको विरोधको अभ्यासस्वरूप नारीवाद आएको हो (अब्राम्स र हार्फम सन् २००९, पृ. ८९) । नारीवादले पुरुषलाई अधीनमा राखेर, पुजेर उनकै दासीका रूपमा आफूलाई उभ्याइरहने हो भने नारी मानवका दर्जामा कहिल्यै पुग्न नसक्ने सोच राख्दछ ।

अस्तित्ववादी नारीवादी सिमोन द बुभाले *द सेकेन्ड सेक्स* कृतिमा पितृसत्तात्मक विभेदप्रतिको चेतनालाई प्रस्तुत गरेको पाइन्छ । उनका विचारमा नारीलाई पितृसत्ताले व्यक्तिगत सम्पत्ति ठानी आधिपत्य कायम गर्दछ । पुरुषले आफ्नी पत्नीलाई आफ्नो व्यक्तिगत सम्पत्ति मान्ने मात्रै होइन कि निजी सम्पत्तिलाई अर्काको आधिपत्यमा नरहोस् भन्ने चाहन्छ (बुभा, साल ?, पृ. ६७) । नारीलाई वस्तुका रूपमा हेर्ने र सदा आफ्नै काबुमा राख्न चाहने पितृसत्तात्मक सोच पुरुषमा रहनु पितृसत्ताकै उपज हो । बुभाले नारीलाई पितृसत्ताले दासीका रूपमा व्यवहार गर्ने परिपाटीको समेत विरोध गरेकी छन् । उनले नारी प्रेम र प्रणयका सम्बन्धमा पुरुषकी पूर्ण दासी हुने धारणा प्रस्तुत गरेकी छन् (बुभा, साल ?, पृ. ११४) । यस्तै नारीलाई पुरुषले रहस्यका पात्रका रूपमा चित्रण गर्ने गरेको सन्दर्भप्रति उनको असहमति छ । उनले नारीहरूले पनि कहिलेकाहीँ पुरुषलाई बुझ्न सक्दैनन्, तर कहिल्यै पनि पुरुषलाई रहस्य भनिँदैन (पृ. ११६) भनेर पुरुषनिर्मित नारीआरोपी अवधारणाको खण्डन गरेकी छन् । यसमा उनले लिङ्गका आधारमा रहस्यमयी प्रवृत्ति भए नभएको घोषणा गर्ने परिपाटीको विरोध गर्दै पुरुष रहस्यमयी हुँदा उसलाई रहस्य नभनिने र महिलालाई भने सोही उपमा भिराइने पितृसत्तात्मक प्रवृत्तिको विरोध प्रस्तुत गरेकी छन् । बुभाले पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदको पर्खालको विरोध गर्दछिन् । उनले नारीलाई दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने सामाजिक परिपाटी नै लिङ्गका आधारमा गरिने विभेदको मूल कारक भएको बताएकी छन् । बुभाका मतमा स्त्री पनि संरक्षिका हुन सक्दछे । अब उसलाई घरमा सीमित राख्नु र बाहिर काम गर्न नदिनु उसको स्वतन्त्रताबाट वञ्चित गर्नु हो (बुभा, सन् १९४९, पृ. ८८) । उनका मतमा महिलाका बारेमा निर्माण गरिएको विभेद प्राकृतिक नभएर सामाजिक हो । महिला जन्मदेखि नै महिला हुन्न, बरु बढेर महिला बन्दछे (बुभा, साल ?, पृ. १२०) भन्ने उनको कथनले पितृसत्तात्मक समाजनिर्मित संस्कार, धारणा, व्यवहार आदिले महिलालाई महिला बनाएको तथ्यलाई निर्देश गरेको छ । यसरी पितृसत्ताले निर्माण गरेको मूल्यमान्यताले मानवीय मूल्यमा समेत उचनीचको अवस्था सिर्जना गरेको छ । नारी र पुरुषबिचमै निर्माण गरिएको फरक पहिचानले पुरुषलाई सापेक्षित रूपमा उच्च स्थानमा राखेको छ भने नारीलाई निम्नकोटिमा राखेको देखिन्छ । यसरी कृतिमा अभिव्यक्त पितृसत्ताले निर्माण गरेका सोच र व्यवहारका विरुद्ध जागृत चेतनाको विश्लेषणका निमित्त पितृसत्तात्मक विभेदका विरुद्धमा बुभालगायत अन्य नारीवादीले विकसित गरेका अवधारणाका आधारमा लैङ्गिक विभेदको विरोध,

नारीपहिचानको खोजी, नारीदमनकारी धार्मिक एवम् सांस्कृतिक प्रचलनप्रति प्रश्न, द्विचरविरोधी मान्यताको विरोध, पुरुषकेन्द्री शासनव्यवस्थाप्रतिको असन्तुष्टि, महिलाहिंसाप्रतिको विद्रोही चेत र महिलाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तनको मागजस्ता विश्लेषणढाँचा निर्माण गरिएको छ ।

## ४. नतिजा र विमर्श

नारीहरूले घरपरिवार, समाज र राज्यमा नै पितृसत्तात्मक व्यवस्थाले नारीप्रति केकस्ता दमन, अन्याय र अत्याचार सहनुपरेको छ भन्ने विषयप्रति चेतना जागी त्यसबाट मुक्तिका लागि जागरुक हुनु पितृसत्तात्मक व्यवस्थाले गर्ने विभेदप्रतिको चेतना हो । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार, बढी साधनस्रोतले सम्पन्न भई महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेद, हिंसा, दमनजस्ता क्रियाकलापमा सरिक देखिन्छन् । यस्तो समाजमा नारीलाई कोमल, सहनशील, निरीह, परनिर्भर, निष्क्रिय, असक्षम, डरपोक, भावावेशयुक्त, सेवक, पुरुषको सहायक र मनोरञ्जन दिने पात्र आदिका रूपमा हेरिन्छ । पितृसत्ताले महिलाको उत्पादन, श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति आदिमा नियन्त्रण गर्दछ । यसरी नारीलाई तल्लो दर्जाका नागरिकका रूपमा हेरेर हरेक कोणबाट दमन तथा हिंसा गर्ने पद्धतिका विरुद्धमा केशरीका उपन्यासमा कसरी आवाज उठाइएको छ भन्ने तथ्यको विश्लेषण यहाँ गरिएको छ :

### ४.१ लैङ्गिक विभेदको विरोध

लिङ्गका आधारमा पितृसत्ताले निर्माण गरेका सङ्कथनको विरोध गर्दै बुभाले लैङ्गिक समानताको वकालत गरेकी छन् । केशरीका उपन्यासमा पनि नारीलाई शारीरिक संरचनाकै आधारमा विभेद गर्ने परिपाटीको अन्त्यको माग गरिएको छ । उनको *कसिङ्गर* उपन्यासमा पितृसत्ताले सामान्य नारीलाई मात्रै होइन शिक्षितलाई समेत पितृसत्ताको माखेसाङ्लोमा पारेको सन्दर्भको विरोध गरिएको छ। यस उपन्यासकी पात्र उषाले आफू पढेलेखेकी भएर पनि आर्थिक हिसाबले सबल परिवारकी छोरी भएका कारण नोकरी गर्न नदिने परिवारको मानसिकताको विरोध गरेकी छ । यस सन्दर्भमा उषाले यस किसिमको धारणा व्यक्त गरेकीछे "म ठुलो घरको इज्जतदार घरानियाको छोरी रे, मैले नोकरी गर्न हुन्न रे" (केशरी, २०३४, पृ.४६) । उसको यस कथनले नारीहरूलाई सक्षम हुँदाहुँदै पनि अग्रसर हुन नदिने र पुरुषसरह आत्मनिर्भर बन्ने हो कि भन्ने सन्त्रास राखेर जागिर खान समेत नदिने पितृसत्तात्मक सोचको विरोध गरेको छ । यसका माध्यमबाट पितृसत्ताले जुनसुकै अवस्थाका नारीहरूलाई पनि दमनका राख्ने तथा विभेद गर्ने परिपाटी भएकाले त्यसप्रति नारी नै सचेत भएर विद्रोह गर्नुपर्ने तथ्य उजागर गरिएको छ ।

केशरीको *आवाज* उपन्यासमा छोरीलाई भन्दा छोरालाई महत्त्व दिने पितृसत्तात्मक प्रवृत्तिको पक्षधरका रूपमा कान्छीकी आमाको उपस्थिति पाइन्छ । आर्थिक खडेरी परेपछि अर्थात् गरिबीका कारणले सन्तानलाई सहरमा बालमजदुरका रूपमा काम गर्न पठाउने निर्णयमा जेठो सन्तान छोरा भएर पनि बहिनी ठुलीलाई पठाउने निर्णय गर्ने आमाको कथनले पितृसत्तात्मक सोचलाई प्रस्ट पारेको छ । "हैन किन जेठाछोरालाई नै पठाउनुपर्ने ? छोरी ठुलीलाई पठाए हुन्न ?" (केशरी, २०४७, पृ. ६) भन्ने आमाको यस कथनले छोरालाई भन्दा छोरीलाई कम महत्त्व दिएको सन्दर्भलाई पुष्टि गरेको छ । यस्तै यस उपन्यासमा "... जेठा छोरो लोग्नेपछिको भन्दछन् । ऊ त केही गरे पनि जाँदैन । मैले भनिदिएकी छु, पठाउने भए ठुलीलाई पठाउँ नत्र ..." (पृ. ७) भन्ने कान्छीकी आमाको कथनले छोराका सन्दर्भमा पितृसत्ताले निर्माण गरेको विभेदकारी सङ्कथनको थप पुष्टि गरेको छ । नारी र पुरुषमा विभेद गरी छोरालाई काखा र छोरीलाई पाखा लगाउने आफ्नी आमाको व्यवहारप्रति कान्छीमा भने वितृष्णा पलाएको छ । पितृसत्तात्मक समाजमा छोराको भन्दा छोरीको महत्त्व कम भएको सन्दर्भलाई आमाकै कथन र निर्णयका माध्यमबाट प्रस्तुत गरिनु

र त्यसप्रतिको असहमति प्रकट गरिनु यस उपन्यासको नारीसमानताप्रतिको चासो र माग हो ।

*विश्वास* उपन्यासमा नारीलाई शिक्षाको अवसर नदिएर सधैँ घरायसी काममा मात्र लगाउने तथा अघि बढ्ने अवसर नदिने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरिएको छ । यस उपन्यासकी पात्र देवी भनेकी छ– "मैले पढ्ने मौका पाएँ भने खुब पढेर यिनीहरू सबैलाई ठीक पार्छु । छोरीलाई यस अवस्था भोगाउने सबैलाई मैले पनि के गर्नुपर्छ गरेर देखाइदिन्छु" (पृ. ४२) । उसको यस कथनले नारीलाई शिक्षाको अवसरबाट वञ्चित गरिएको र सो अवसर पाए नारी कमजोर नहुने सन्दर्भलाई प्रस्ट पारेको छ । विवाह, प्रजनन, गर्भपतन, सम्बन्धविच्छेदजस्ता वैयक्तिक विषयमा नारीहरूलाई पुरुषलाई जस्तो स्वतन्त्र निर्णय लिन पाउने अधिकार नभएको मत बुभाले अघि सारेकी छन् । पितृसत्ताकै नियन्त्रणका कारण गर्भधारण तथा प्रजनन अधिकारप्रति नारीअधिकार हस्तक्षेपमा परेको उनको ठम्याइ छ । यसका विरुद्ध नारीहरूमा जागृत चेतनालाई केशरीको *नोकरी* उपन्यासमा स्थान दिइएको छ । यस उपन्यासमा "... शिशुको रहरै लागे कि कृत्रिम गर्भधारण गर्छु कि अनाथ आश्रम खोल्छु । एक मात्र होइन, बिसौँ सन्तानमाथि मभित्र उम्लिएको ममता पोख्न पाउनेछु" (पृ. १४१) भन्ने विचारमार्फत साधनाले प्रजनन अधिकारप्रतिको लैङ्गिक विभेदमाथि चुनौती दिँदै नारीस्वतन्त्रताको वकालत गरेकी छ । यसमा परपुरुषसँग वैवाहिक सम्बन्ध गाँसेर मात्र आमा बन्ने धोको पूरा गर्नुपर्छ भन्ने मान्यता नरहेको तथा नारीलाई मातृत्वको अनुभव सँगाल्न स्वतन्त्र रूपले निर्णय लिन पाउने अधिकार रहेको सन्दर्भलाई समेत प्रस्तुत गरिएको छ । अनाथ आश्रम खोलेर तथा कृत्रिम गर्भाधान गरेर आमा बन्ने स्वतन्त्र निर्णयमाथि पितृसत्ताको हस्तक्षेप तथा विभेद स्विकार्य नहुने तर्कका माध्यमबाट यसमा लैङ्गिक विभेदको विरोध गरिएको छ । यसरी छोरासरह छोरीले पढ्न, प्रजनन तथा गर्भपतनमा स्वतन्त्र निर्णय गर्न, व्यवसाय सुरु गर्न पाउने व्यवस्था नभएको पितृसत्तात्मक विभेदपूर्ण व्यवस्थाको विरोध गरी लैङ्गिक समानताप्रतिको चेतना यसमा प्रस्तुत भएको छ । यसरी केशरीका उपन्यासले लिङ्गका आधारमा सिर्जना गरिएको विभेदपूर्ण पर्खाललाई औँल्याएर पात्रमा जागृत सजगतामार्फत पितृसत्तात्मक विभेदप्रतिको विद्रोही चेतनालाई प्रस्तुत गरेको छ ।

## ४.२ नारीपहिचानको खोजी

नारी केवल दोस्रो दर्जाकी नागरिक नभएर पुरुषसरह समान अस्तित्व भएकी प्राणी हो भन्ने विचार नारीवादीहरूको छ । सोही विचार केशरीका उपन्यासमा पनि प्रस्तुत भएका छन् । उनको *सौगात* उपन्यासमा पुरुषविना नारीको अस्तित्व नहुने तथ्यको विरोध गरिएको छ । साथै यसमा नारीलाई पुरुषविना बाँच्न नसक्ने वा परनिर्भर प्राणीका रूपमा हेरिने परिपाटीको विरोध गरिएको छ । "तपाईं मेरो पछि नलाग्नोस् । म आफैँ बाँच्न सक्दछु । तपाईंको जरुरत छैन" (पृ. ९७) भन्ने प्रतिभाको कथनले सो कुराको पुष्टि गरेको छ । घरमा श्रीमती हुँदाहुँदै परस्त्रीलाई समेत कब्जामा लिन खोज्ने र पछि लाग्ने स्वभाव पुरुषको भएको र त्यसप्रति नारीको कुनै रुचि तथा बाध्यता नहुने तथ्यमार्फत नारीको स्वतन्त्र पहिचानको माग यसमा गरिएको छ । यसरी नारीहरूलाई परनिर्भर, लोभलालचमा फस्ने, भोग्याका रूपमा मात्र हेर्ने पुरुषप्रति विद्रोह गर्दै नारीले स्वतन्त्र निर्णय लिएर एक्लै जीवन बिताउन सक्ने सन्दर्भमार्फत नारीअस्तित्व र पहिचानको माग यस उपन्यासमा गरिएको छ ।

*खोज* उपन्यासमा नारीले आफ्नो स्वतन्त्र अस्तित्व तथा पहिचानका लागि सङ्घर्ष गरेका विविध सन्दर्भहरू प्रस्तुत गरिएका छन् । यस उपन्यासमा नारीलाई कमजोर ठानेर पछाडि पार्ने प्रवृत्तिको विरोध गरी नारीविकासका लागि आत्मनिर्भरता बढाउनुपर्ने विचार शान्तिमार्फत प्रस्तुत गरिएको छ । उसले भनेकी छ– "नारी कमजोर छे, पिल्सिएकी छे यसलाई दया र धर्मले छोपेर राख्नुपर्छ भन्ने भावनालाई छोड्न पुरुषले व्यवहार बदलिदिनुपर्छ र यो बदली नारी उन्नतिको बाटो हुनेछ" (पृ. ११२) । शान्तिको यस कथनले नारीहरूमाथि पुरुषले गर्ने विभेदजन्य व्यवहार

बदलिएर उन्नतिको मार्ग खोलिनुपर्ने विचारका साथमा नारीको आफ्नै पहिचान र अस्तित्वको माग गरेको छ । यसमा नारीहरूलाई आश्रित बनाएर शासन गर्ने पद्धतिको विरोध गरी आत्मनिर्भरताको मार्ग प्रशस्त गर्नुपर्ने माग गरिएको छ ।

*नोकरी* उपन्यासमा नारीले आफ्नो अधिकार र अस्तित्वको लडाइँमा डटेर आफैँ लाग्नुपर्ने विचार बाबामार्फत अभिव्यक्त गरिएको छ । "... यो सभ्यताको विकासमा उम्रिएको असभ्यताको ऱ्याउ हो । यसलाई फोड्न सङ्घर्ष गर्नबाट नहच्क । यसैले अत्याचारको अन्त्य गराई अधिकार दिनेछ । जति तिम्रा शरीरमा नीलडाम लाग्न थाल्छन्, तिनलाई तिम्रो विजयको छाप भन्ने ठान" (पृ. ९५) भन्ने बाबाको कथनले नारीहरूले सङ्घर्षबाट भाग्न नहुने विचारलाई प्रस्ट पारेको छ । नारीमाथि पितृसत्ताले गरेको दमनका विरोधमा अग्रसर भएर नारीले नै नलड्ने हो भने त्यसले झन् मौलाउने अवसर पाउने भएकाले त्यसका विरुद्ध सङ्घर्ष गर्न डराउन नहुने विचार बाबाले प्रस्तुत गरेका छन् । यसरी केशरीका उपन्यासमा नारीको पहिचानको मुद्दामा नारी नै सचेत भएर लाग्नुपर्ने विचार विभिन्न पुरुष तथा नारीपात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यसले नारीको स्वतन्त्र अस्तित्व र पहिचानको निर्माणप्रतिको सजगता र पितृसत्ताले गर्दै आएको विभेदप्रतिको विद्रोहलाई पनि पुष्टि गरेको छ ।

### ४.३ नारीदमनकारी धार्मिक एवम् सांस्कृतिक प्रचलनप्रति प्रश्न

पितृसत्तामा विकसित भएको धर्म र संस्कृतिसम्बन्धी मान्यता तथा परम्पराले नारीहरूमाथि दमन गरेको नारीवादीहरूको आरोप छ । धर्म र संस्कृति जोगाउने नाममा नारीहरूलाई नियन्त्रणमा लिने र विभिन्न प्रथाका रूपमा उपभोग गर्ने परिपाटी पितृसत्तामा विकसित भएको छ । केशरीका उपन्यासमा पनि धर्म र संस्कृतिले नारीमाथि गरेको दमनको विरोध गरिएको छ । उनको *खोज* उपन्यासमा पितृसत्तात्मक सोच बोकेका पुरुषले नारीलाई भोग्याका रूपमा मात्र उपभोग गर्ने प्रवृत्तिको विरोध गरिएको छ । देवकी हुँदा यौनसिकार बनेकी पम्फाले त्यसबाट उम्किन रोजेको मार्गमा समेत यसबाट भाग्न नसकेको सन्दर्भलाई यसप्रकार प्रस्तुत गरेकी छ :

> म देवकी हुँ । लोग्नेमानिस सबै देवता रे । देवताको भोगको लागि धर्म गरेको भनेर मलाई छाडा छोडिदिए । गाउँका सबै युवकहरूको दिल बहलाउँदा बहलाउँदै थाकेर म आफूले परिश्रम गरेर खान्छु भनेर शहर पस्न एउटा गाउँको पाको बाउसरहको उमेर भएकोसँग गाउँ छोडेँ । बाटाभरि मेरो विश्वासघात गर्दै मलाई भोग गर्दै त्यो आयो । (केशरी, २०५०, पृ. ५८)

पम्फाको उपर्युक्त कथनमा नारीहरूलाई देवकीका रूपमा चढाउने, पुरुषहरू देवता कहलिने र तिनै पुरुषले देवकीमाथि यौनशोषण गर्न छुट पाएको तर त्यसको विरुद्ध देवकीहरूले बोल्नु पाप ठहरिने परिपाटीको विरोध गरिएको छ । *खोज* उपन्यासमा "हामीलाई देवकी बनाई हाम्रो भोग गर्दै रमाउने अधिकार कसले यिनलाई दियो ? तिनैमध्ये एक भोगीलाई समातेर गृहस्थ जीवन बिताउँछु भन्दा मलाई तुच्छ मान्दै पन्छाउने अधिकार त्यसलाई कसले दियो ?" (पृ. ९५) भनी देवकी बन्न बाध्य नूरले उठाएको प्रश्नले देवता ठहरिएका पुरुषले देवकीमाथि यौनशोषण गर्ने छुट पितृसत्ताले नै दिएको सन्दर्भको विरोध गरेको छ । देवकी नारीले गाउँका सबै पुरुषलाई यौनप्यास मेटाउँदा थाकेर स्वतन्त्रताको खोजीमा सहर पस्नलाग्दा पितासरहको पुरुषबाट समेत यौनशोषणमा परेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । यसरी नारीलाई धर्मका नाममा भोग्याका रूपमा उपभोग गर्ने पितृसत्तात्मक प्रचनलका विरुद्धमा केशरका उपन्यासमा सचेत रूपमा प्रश्न गरिएको छ ।

### ४.४ द्विचरविरोधी मान्यताको विरोध

नारी र पुरुषका सम्बन्धमा पितृसत्ताले निर्माण गरेको द्विचरविरोधी धारणाको विरोध केशरीका उपन्यासमा

गरिएको छ । उनको *खोज* उपन्यासमा नारीलाई बहादुर, शक्तिशाली, उपभोग गर्नेवालाका पुरुष प्रवृत्तिका विपरीत रुन्चे, कमजोर, उपभोग्य वस्तुका रूपमा लिने द्विचरविरोधी मान्यताको विरोध गरिएको छ। यस उपन्यासकी नारीपात्र शान्तिले महिलालाई कमजोर, रुन्चे ठान्ने पितृसत्तात्मक सोचको विरोध गर्दै भनेकी छ– "नारीको अस्त्र नै आँशु हो। हामीले यस्तै कथनलाई असत्य पार्नपट्टि लाग्नुपर्छ। झन् ती आँशु आउन खोजे भने पनि आँखैमा हराउन दिनुपर्छ। मुटुलाई बलियोसँग कस्नोस्, आमा कस्नोस्" (पृ. ८७)। उसको यस कथनले नारीलाई सधैँ रुन्चेको उपमा दिने र हेप्ने पितृसत्तात्मक परिपाटीलाई अन्त्य गर्नुपर्ने भाव प्रस्तुत गरेको छ। यसले नारीहरू कमजोरको बिल्ला भिरेर बस्ने होइन, डटेर लड्न सक्ने र कठोर बनेर उभिनसक्ने हुनुपर्छ भन्ने सन्देश दिएको छ।

*विश्वास* उपन्यासमा पितृसत्ताले भाले र पोथीका सम्बन्धमा निर्माण गरेको द्विचरविरोधी मान्यताले पोथी बास्न हुन्न भन्ने भ्रम छरेको हुँदा नारीलाई बोल्न नदिएर हैकम जमाउने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरिएको छ। यसमा "यो चुप लाग् भन्ने आदेश सुन्दासुन्दै पनि सिउँदो फुल्न लागिसक्यो। जहिले पनि चुप लाग्नुपर्ने हो भने लाटीसँग विवाह गरेको भए हुन्थ्यो नि। ...म त हेर्नोस् नराम्रो लागेको कुरा नभनेर यसै थिचेर राख्न सक्दै सक्दिनँ" (गौतम, २०५२, पृ. ८) भन्ने माइलीको कथनले पितृसत्ताले मानवप्राणीका रूपमा पुरुषसरह नारीको बोल्न पाउने अधिकारसमेत छिनेको तथ्यको विरोध गरेको छ। नारीलाई कुनै पनि निर्णयमा सरिक नगराउने र सँधै मुख बन्द गरेर बस्न बाध्य गराउने पितृसत्तात्मक सोच बोकेका पात्र विष्णु शर्मालाई माइलीले दिएको यस किसिमको जवाफले पितृसत्तात्मक दमनको विरोध गरेको छ।

*निष्कर्ष* उपन्यासमा पुरुषका तुलनामा नारीलाई कमजोर र रुन्चे ठान्ने द्विचरविरोधी मतको विरोध गरिएको छ। यस उपन्यासमा नारीको स्वत्व लुटेर अहम्लाई तोड्न सकिन्छ भन्ने पितृसत्तात्मक सोच बोकेका समिरजस्ता पुरुष पात्रप्रतिको विरोध प्रस्तुत गरिएको छ। "अब रुने पालो हाम्रो होइन तिनीहरूको आउँदै छ। धैर्य लिनोस्, ती एकएकको गति मेरो यो अवस्थाभन्दा पीडादायी हुनेछ" (केशरी, २०६०, पृ. ३२) भन्ने इलाको कथनले नारीलाई कमजोर र रुन्चे ठान्ने पितृसत्तात्मक सोचको खण्डन गरेको छ। आफूमाथि भएको अन्याय सहेर बस्ने सहनशीलाबाट नारीको मानसिकता एवम् व्यवहारमाथि उठिसकेको सन्दर्भलाई यसले पुष्टि गरेको छ। यसरी केशरीका उपन्यासमा पितृसत्तानिर्मित नारीलाई विभेद गर्ने द्विचरविरोधी मान्यताको विरोध गरी नारीसमानता तथा स्वतन्त्रताको पक्षमा वकालत गरिएको छ।

## ४.५ पुरुषकेन्द्री शासनव्यवस्थाप्रतिको असन्तुष्टि

पुरुषले निर्माण गरेका शासनव्यवस्थाका कारण नारीहरू विभेदमा पर्नेगरेका छन्। यसले नारीका सम्बन्धमा कानुनी रूपमा मात्र नभएर सामाजिक रूपमा समेत विभेदको वातावरण तय गरेको बुझाको आरोप छ। केशरीका उपन्यासमा पनि पितृसत्तानिर्मित शासनव्यवस्थाले समाजमा पारेको प्रभाव र त्यसबाट नारी र पुरुषका सम्बन्धमा बनेका विभेदकारी नजिरका विरुद्धमा आवाज उठाइएको पाइन्छ। उनको *सौगात* उपन्यासमा पितृसत्ताका कारण सन्तानमाथि विभेदकारी दृष्टिकोण भएको तथ्यलाई प्रस्तुत गरिएको छ। नारीलाई सौताका छोराछोरी र आफ्ना छोराछोरीमा भिन्न व्यवहार गर्न नहुने सिकाउने पितृसत्तात्मक समाजले झड्केलो (स्वास्नीको पूर्व पतिबाट जन्मिएको) सन्तानलाई समान व्यवहार गर्न जानेको छैन। तसर्थ पितृसत्तात्मक सोच बोकेका पुरुषले आफ्नो सन्तानलाई माया गरे पनि अर्काको गर्भ बोकेर आएकी श्रीमतीको प्रथम सन्तानप्रति वंशजका नाताले पर्गेलेर विभेद गरेको सन्दर्भलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। यसमा श्रीमान्‌बाट सन्तानप्रति विभेद भए पनि आमाले आफैँले सबै कर्तव्य पुरा गर्न समर्थ रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। "मेनकाका बाबुले कहिले मेनकालाई छोरी मानी बाबुको कर्तव्य पूरा गरेन। अर्को पालनपोषण सबैमा आमाले नै गर्नुपर्दथ्यो" (पृ. ८२) भन्ने कथनले सो कुराको पुष्टि गरेको छ। यसरी

यसले पितृसत्ताले गर्ने विभेदलाई चिरेर नारीले गरेको सङ्घर्षलाई प्रस्तुत गरेको छ ।

*आवाज* उपन्यासमा पितृसत्ताका प्रभावस्वरूप नारीहरू नै नारीमाथि दमन गर्न पछि नपर्ने तथ्यलाई समेत प्रस्तुत गरिएको छ । यसमा बालमजदुरका रूपमा राखिएकी कान्छीमाथि त्यसै घरको साहु वृद्धले यौनशोषण गर्ने प्रयास गरेको सन्दर्भ र त्यसको प्रतिकारमा उभिएकी नारीको सङ्घर्षको चित्रण गरिएको छ । “मेरी आमा बनी त्यसरी धोका दिने त्यो आइमाईलाई पनि सम्झेँ । साह्रै घृणाले मन भरियो । एकबाजि खकारेर त्यसप्रति घृणा जनाएँ” (पृ. ६७) भन्ने कान्छीको कथनले नारीलाई वेश्यालयमा बेचेर पैसा कमाउन पल्केकी नारीप्रतिको घृणाभाव प्रस्तुत गरेको छ । यसरी नारीहरू नै नारीमाथि दमन गर्न अग्रसर हुनु पितृसत्ताकै क्षतिपूर्तिमा विकसित स्वभाव र प्रभावको प्रतिफल रहेको कतिपय नारीवादीको मत पाइन्छ ।

## ४.६ महिलाहिंसाप्रतिको विद्रोही चेत

केशरीका उपन्यासमा पितृसत्ताले पुरुषहरूको शक्ति प्रदर्शनमा दिएको छुट र त्यसको प्रभावस्वरुप नारीले खेप्नुपरेको हिंसाको विरोध गरिएको छ । उनको *कसिङ्गर* उपन्यासमा नारीहरूले शिक्षित भएर नोकरी गर्दा समेत पितृसत्तात्मक सोच बोकेका पुरुषहरूको पञ्जाबाट उम्किन नसकेको सन्दर्भलाई विषयवस्तु बनाइएको छ । शिक्षित र आत्मनिर्भर नारीलाई मानसिक हिंसा गर्ने पितृसत्ताको एउटा दृष्टान्त बिमलाको यसप्रकारको कथनले प्रस्ट हुन्छ– “मेरो पतन जागिर खाएदेखिन् नै भयो । सबैजना पछि लाग्ने, उनीहरूले भनेकोभैँ गरिनँ भने ठस्किने, जवाफ दिन नहुने, काम बिराउनु न सिराउनु गाली खान थालेँ” (पृ. ५०) । उसको यस कथनले नारीहरू आफूसरह सक्षम होलान् र आफूले दमन गर्न नसकिएला कि भन्ने सोच बोकेका पुरुषले दिएको मानसिक तनावलाई प्रस्तुत गरेको छ । यस्तै यस उपन्यासमा बिमलाले जागिरको सिलसिलामा भोग्नुपरेको हिंसात्मक व्यवहारका कारण आफू वेश्या बन्न पुगेको र यस्तो परिस्थितिमा पुऱ्याउने पुरुषजातिप्रति नै बदलाको भावना राखेको सन्दर्भलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> ... जति स्वास्नीमानिस बिग्रे भनी भन्दछेस् उति नै लोग्नेमानिस पनि बिग्रिएको छ । ऊ अझ जानीबुझी आफूलाई बिगार्दछ । आफूलाई अर्काको मुठ्ठीमा सुम्पेपछि मात्र ऊ खुसी हुन्छ । यी लोग्नेमानिस ममाथि फाइदा लिन खोजेथे म त्यसको दोब्बर अब उनीहरूसँग असुल गर्दै छु । (केशरी, २०३४, पृ. ५१)

विमलाको उपर्युक्त कथनमा नारीहरूलाई बिग्रिएको भनेर दोष लगाउने तर बिगार्ने को हो भन्ने सन्दर्भमा आँखा चिम्लने प्रवृत्तिको विरोध गरिएको छ । यस्तै यसमा नारीमाथि अनैतिक सम्बन्ध राखेर उपभोग्य वस्तुका रूपमा हेर्ने पितृसत्तात्मक प्रवृत्तिका विरुद्धमा उनीहरूसँग बदला लिने निर्णय उसले गरेकी छ ।

*सौगात* उपन्यासमा पितृसत्तात्मक सोच बोकेका पुरुषले नारीलाई उपभोग्य वस्तु मात्र ठान्ने प्रवृत्तिको विरोध गरिएको छ । यसमा खेलौनाका रूपमा नारीहरूलाई भोग्ने प्रवृत्तिको विरोध गरी त्यसबाट मुक्तिका लागि नारीले चाल्नुपर्ने कदमलाई प्रतिभाका कथनमार्फत यसप्रकार प्रस्तुत गरिएको छ :

> स्वास्नीमानिस किनिएकी छ, खेलौनाको रूपमा मन बहलाउन नचाइएको छ । हामी अबला छौँ भने पनि अब समय आएको छ कि हामीले सबला बन्न सिक्नुपरेको छ । आफूमा आत्मबल ल्याउनुपरेको छ । मनको मिथ्या कमजोरीलाई त्याग्नुपरेको छ । नत्र हामी कमजोर, असहाय, अनाथ, शरणार्थी बनिरहन्छौँ लुटिइरहन्छौँ । हाम्रो निर्माण आउँदैन । (केशरी, २०४६, पृ. ३०)

प्रतिभाको यस कथनले नारीहरू कमजोर, असहाय तथा अनाथ भएर शरणार्थीका रूपमा आफूलाई लुटाउन बाध्य हुनुपरेको सन्दर्भलाई बोध गराएको छ । पितृसत्ताले

नारीहरूलाई नियन्त्रणमा लिएर अधीनस्थ तुल्याएको सन्दर्भको विरोध गरी आफ्नो कमजोर अवस्थामा परिवर्तनका लागि नारी नै सचेत हुनुपर्ने विचार यसमा प्रस्तुत भएको छ ।

*आवाज* उपन्यासमा नारीलाई उपभोग्य वस्तुका रूपमा लिने र यौनशोषणमा रम्ने प्रवृत्तिका कारण नारीको जीवन नै धरापमा पर्ने मात्र नभएर अन्त्य नै हुने सन्दर्भलाई प्रस्तुत गरिएको छ । “मेरी मैया गएको ठाउँमा होटलमा पसी केही गुन्डाहरूले सानीमैयाँ र साथीहरूलाई बलात्कार गरेछन् । आफूलाई अब बाबुआमा छेउ कसरी जाने भन्ने भएर मैयाले त्यहीँ आत्महत्या गरिछन्” (पृ. २५) भन्ने कान्छीको कथनले सो कुराको पुष्टि गरेको छ। केशरीको प्रस्तुत उपन्यासमा यौवनअवस्थामा पुगेका नारी देखेपछि वृद्धमा पनि यौनउत्तेजना विकसित भएर नातासम्बन्ध बिर्सेर भोग्य वस्तुका रूपमा नारीलाई उपभोग गर्न तम्सने प्रवृत्तिप्रतिको विरोधलाई स्थान दिइएको छ । “जीवनमा एकरात यस्तो आयो झण्डै म बूढाको बलजफ्तीमा फसेँ र म डराउन थालेँ । त्यसदिन मैले चिच्याएँ र पानीको ग्लासले बूढाको टाउकोमा बजारेँ” (पृ. २९) भन्ने कान्छीको कथनले आफूलाई उपभोग गर्न तम्सने वृद्धप्रतिको घृणा तथा विद्रोहलाई देखाएको छ । यसले जति नै वृद्ध भए पनि पुरुषमा पुरुषत्व सदावहार हुने पितृसत्तात्मक सोचको प्रभाव व्यवहारमा देखिएको र त्यही सोचको सिकार नारीहरू हुनुपरेको तथ्यलाई पनि प्रस्ट पारेको छ ।

*निष्कर्ष* उपन्यासमा नारीहरूले आफ्नो स्वतन्त्रता र अधिकारका लागि अग्रसर भएर पुरुषसमान हैसियत बनाउँदा असह्य भएर नारीलाई कमजोर बनाउने प्रयत्नमा लागेका पितृसत्तात्मक सोचग्रस्त पुरुषहरूको ज्यादतीको विरोध यस उपन्यासमा पाइन्छ । यसमा यौनपिपासु पुरुषले बदलामा बलात्कारको मार्ग रोजेर यौनशोषण गरेको सन्दर्भको विरोध गरिएको छ । यस उपन्यासमा नारीमाथि यौनशोषण गर्ने पुरुषलाई कानुनी कारबाही अत्यावश्यक भएको र त्यसमा सम्बन्धित निकायले गम्भीर रूपमा हेर्नुपर्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । केशरीको प्रस्तुत उपन्यासमा अस्पतालका परिचारिकाहरूले राखेको धारणाले पितृसत्तात्मक शोषणको विरोध गरेको देखिन्छ । यस सन्दर्भमा उनीहरूको विचार यस्तो छ :

> कति जोखिम छ नारीजीवन ! हामीले जनावरसँग मात्र होइन आफूजस्तै अर्को मनुष्यसँग पनि त्रस्त हुनुपर्ने कस्तो भयावह स्थिति ? मानवजातिमध्ये हामी दुई नर र नारी छौँ । समाज हामीबिच नै बनेको छ । यसदेखि बाहिर पनि हामी रहन सक्दैनौँ । अनि यस्तै घातप्रतिघातको चोट बोकर आफ्नो व्यक्तित्व विकास कसरी गर्ने हामी नारीजातिले ? (पृ. ६)

पितृसत्तात्मक सोच तथा व्यवहारले जरो गाडेको स्थानमा नारीहरू आफूजस्तै मानवसँग डराएर बाँच्न विवश भएको सन्दर्भलाई यस कथनमा प्रस्तुत गरिएको छ । यसमा नरबाट नारीहरू डराउनुपर्ने अवस्था तथा त्यसको प्रभावका कारण नारीहरूको व्यक्तित्व विकासमा देखापरेको चुनौतीलाई चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा नारीलाई बलात्कार गरेर भाग्ने पुरुषलाई लोग्ने बनाएर बिहे गर्ने विचार इलामा जागेको देखिन्छ । उसले आफूलाई शोषण गर्ने पुरुषलाई सजायँ दिलाउने सोचले यस्तो निर्णय लिएको सन्दर्भलाई “म तपाईंको लफङ्गा छोरासँग आफ्नो खुशीले विवाह गरेर आएकी होइन । तपाईंकै छोराले मलाई लुट्नमा आफ्नो पुरुषार्थ देखाएकाले मात्र आफ्नो नारीअस्मिताको संरक्षणको लागि यहाँ तपाईंकी बुहारी हुन आएकी हुँ” (पृ. ११५) भन्ने कथनमार्फत प्रस्तुत गरेकी छ । यस कथनमा नारीले आफ्नो अस्मिता जोगाउन तथा पितृसत्तात्मक समाजले बलात्कार गर्ने पुरुषलाई निर्दोष साबित गरी बलात्कृत नारीको अस्मितामाथि प्रश्न उठाउने प्रचलनको विरुद्धमा यस्तो कदम चालेकी छ । यसरी केशरीका उपन्यासमा नारीलाई उपभोग्य वस्तुका रूपमा मात्रै लिने र यौनहिंसाको सिकार तुल्याएर पुरुषत्व स्थापित गरिरहने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरिएको छ ।

### ४.७ महिलाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तनको माग

पितृसत्तात्मक समाजमा पुरुषका तुलनामा नारीलाई हेर्ने दृष्टिकोण भिन्न, विभेदपूर्ण तथा दमनात्मक प्रवृत्तिको छ र यसले नारीलाई पुरुषसरह मानवप्राणीका रूपमा नहेरी दोस्रो दर्जाका नागरिकका रूपमा हेर्ने गर्छ भन्ने बुभाको मान्यता छ । समान मुद्दामा नारी र पुरुषमाथि गरिने व्यवहार र हेरिने दृष्टिकोण नै फरक रहेको सन्दर्भलाई केशरीका उपन्यासले समेटेका छन्। *कसिङ्गर* उपन्यासमा बिहेअगाडि नै सन्तान जन्माउने नारीलाई दोषी ठहऱ्याउने तर पुरुष समान गल्तीमा पनि अछुतो रहने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरिएको छ । यसमा मैयाँसाहेबले प्रेमीको विश्वासमा परेर बिहेअघि नै गर्भधारण गरेको तर प्रेमीले आफूसँग बिहे नगरी गर्भपतन गर्ने सल्लाह दिँदा एक्लै सङ्घर्ष गरेर जन्माएको नवजात छोरालाई समाजको लाञ्छनाबाट बच्न फालेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। सो छोरालाई पुनमायाले पालेर ठुलो भएपछि बाबुलाई दोष नलगाई आमा मैयाँसाहेबप्रति आरोप लगाएको सन्दर्भमा आक्रोशित मैयाँसाहेबको कथनले पितृसत्तात्मक प्रवृत्तिको विरोध गरेको छ । "तपाईंहरूको नजरमा देखिएँ हुँला म कस्ती पतित नारी रहिछु । तर खै देखिएको पतित पुरुष, खै छोराले सोधेको पतित बाबु मेरो को हो भनी... ?" (पृ. ८८) भन्ने मैयाँसाहेबको कथनले छोरालाई त्याग्ने कुमारी आमाप्रति प्रश्न उठाउने छोराले बाबुप्रति केही आरोप नलगाएको सन्दर्भप्रति औँला उठाएको छ । यसरी यस कथनमा सन्तान जन्माउनमा नारी र पुरुषको समान सहभागिता हुँदा पनि नारीले मात्र त्यसको आरोप खेप्नुपर्ने र पुरुषहरू त्यसबाट स्वतन्त्र रहने सन्दर्भमार्फत पितृसत्तात्मक समाजले निर्माण गरेको नारीप्रतिको विभेदकारी दृष्टिकोण र व्यवहार परिवर्तन गरिनुपर्ने मतलाई प्रस्तुत गरिएको छ ।

*खोज* उपन्यासमा पितृसत्ताले नारीलाई हेर्ने दृष्टिकोण विभेदकारी भए पनि नारीले नारीलाई प्रेम, सदभाव र सहभाव राख्नुपर्ने विचार पुरुष पात्रमार्फत प्रस्तुत गरिएको छ। प्रेमले आमालाई वेश्यालयबाट भागेर ज्यान बचाएकी शान्तिलाई सहारा दिन गरेको अनुरोधमा नारीप्रति नारीले सहयोग गर्नुपर्ने विचार प्रस्तुत भएको छ । "...कृपया हाम्रो घर आँगनमा आएकी निसहारा नारीलाई आमा तपाईंले आफ्नो जातिको मर्यादा गर्दै भित्र्याउनुहोस् । हाम्रो घरको संस्कृतिको महानता देखाउँदै नयाँ संस्कृतिको पद्धति बसाउनुहोस् । यहाँ नारीले नै नारीलाई सहयोग पुऱ्याउनुपर्छ" (पृ. ७५) भन्ने प्रेमको अभिव्यक्तिमा नारीलाई नारीले नै सम्मान गर्नुपर्ने र साथ दिनुपर्ने विचार प्रस्तुत भएको छ । यसले महिलाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन गरी नारीले नै नारीमाथि सहभाव र सम्मान भाव राख्नुपर्ने विचारलाई प्रस्ट पारेको छ ।

*नोकरी* उपन्यासमा साधनाका बाबु शिवले प्रस्तुत गरेको विचारले नारी र पुरुषका सम्बन्धका बारेमा गलत अर्थ लगाउने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरेको पाइन्छ । उसले आत्महत्याको बाटो रोजेर आधारातमा जङ्गलमा झुन्डिन खोज्ने नूरलाई बचाएर घरमा फर्काइदिने शिवमाथि नूरको लोग्ने तथा सासूससुराले वेश्यालाई उपभोग गर्ने पुरुषका रूपमा आफूलाई लगाएको आरोप (पृ. ८७) को विरोध गरेको छ। नारी र पुरुषका सम्बन्धमा गलत अर्थ लगाएर मानवता हराएका व्यक्तिहरूप्रतिको पुरुषको आक्रोशलाई शिवको विचारमार्फत यसमा प्रस्तुत गरिएको छ। यसले पितृसत्तात्मक समाजमा महिलाप्रतिको नकारात्मक दृष्टिकोणमा परिवर्तन आवश्यक पर्ने सन्दर्भलाई प्रस्ट पारेको छ। यसरी केशरीका उपन्यासमा नारीका सम्बन्धमा पितृसत्ताले निर्माण गरेको विभेदपूर्ण सामाजिक दृष्टिकोण बदलिनु आवश्यक रहेको मत विभिन्न पात्रका विचार, क्रियाकलाप तथा संवेगका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## ५. निष्कर्ष

केशरीका उपन्यासमा पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना प्रबल बनेको छ । पितृसत्ताले पुरुषकै हितका निमित्त निर्माण गरेको शासनव्यवस्था, धार्मिक

एवम् कानुनी मान्यता, सामाजिक प्रचलन, व्यवहार तथा पद्धतिका विरुद्धमा नारीमा जागृत प्रतिरोधी चेतनालाई उनका उपन्यासमा प्रस्तुत गरिएको छ। नारीलाई घरायसी काममा सीमित गरी उपभोग्य वस्तुका रूपमा लिने, नारीको पहिरनमाथि गर्ने नियन्त्रण तथा नारीलाई वाक्स्वतन्त्रतामा पितृसत्ताले गरेको नियन्त्रणको विरोध गर्दै पुरुषसमान शिक्षा र अवसर दिनुपर्ने विचार एवम् विधवा नारीले पुरुषसरह पुनर्विवाहसम्बन्धी निर्णयमा स्वतन्त्रता पाउनुपर्ने विचार उनका उपन्यासमा अभिव्यक्त भएका छन् । यी उपन्यासमा नारीहरूलाई उपभोग्य वस्तुका रूपमा हेरी यौनव्यवसायमा सरिक गराएर धनी बन्न पल्केका सामन्ती प्रवृत्तिको विरोध गरी बलात्कारजन्य दुर्व्यवहारले नारीलाई आफ्नो अधीनमा लिएर शासन गर्न चाहने पितृसत्तात्मक सोच, संस्कार र क्रियाकलापप्रतिको विद्रोही चेतनालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा निसन्तान पुरुषको दोष नारीलाई लगाइने, बलात्कारजन्य दुर्व्यवहारको सिकार नारीमात्र हुनुपर्ने, यौनप्यास मेटाउने साधनका रूपमा नारीको उपभोग गरिने, सन्तान उत्पादनमा विवाहलाई अनिवार्य बनाएर नारीमाथि नै नियन्त्रण गरिनेजस्ता पितृसत्तात्मक प्रवृत्तिको सचेत विरोध गरिएको छ । यसरी उनका उपन्यासमा नारीपहिचानको सङ्कटप्रतिको प्रतिरोधी नारीचेतना, लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, विवाह, प्रजनन तथा सम्बन्धविच्छेदसम्बन्धी विभेदपूर्ण व्यवस्थाप्रतिको प्रतिरोधी नारीचेतनाका साथै शिक्षा, रोजगार, आर्थिक अधिकारसम्बन्धी विभेदपूर्ण नीतिप्रतिको प्रतिरोधी नारीचेतनालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासले सन्तानप्रतिको उत्तरदायित्वदेखि आफ्नो जीवनको निर्णयमा पुरुषसरह सक्षम नारीपात्रको उपस्थितिले पितृसत्ताको द्विचरविरोधी दृष्टिकोण र नारीलाई निरीह ठानी कार्य तथा क्षेत्र निर्धारण गर्ने पितृसत्तात्मक परिपाटीको समेत उल्लङ्घन गरी लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरेको छ। शिक्षा, रोजगार तथा आर्थिक अधिकारका क्षेत्रमा नारीको स्वतन्त्र निर्णय तथा साहसिक कदमको मागलाई उनका उपन्यासमा विषयवस्तु बनाइएको छ। फ्रान्सेली नारीवादी बुभाले भनेझैँ केशरीका उपन्यासले नारीलाई दोस्रो दर्जाका रूपमा हेर्ने र व्यवहार गर्ने परिपाटीको अन्त्यको माग गर्दै पितृसत्ताले निर्माण गरेको विभेदकारी संस्कृतिमाथि धावा बोली समतामूलक समाजनिर्माणमा मार्गनिर्देश गरेको छ । यसर्थ वर्तमान समयमा नारीअधिकारका विषयमा चलेका अभियान र त्यससम्बन्धी सचेतना फैलाउने कार्यमा केशरीका उपन्यासले कलात्मक ढङ्गबाट उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


केशरी, गीता (२०३४), *कसिङ्गर,* ललितपुर : साझा प्रकाशन ।

केशरी, गीता (२०४६), *सौगात,* काठमाडौँ : भारद्वाज प्रकाशन ।

केशरी, गीता (२०४७), *आवाज,* काठमाडौँ : भारद्वाज प्रकाशन ।

केशरी, गीता (२०४८) *मुक्ति,* काठमाडौँ : भारद्वाज प्रकाशन ।

केशरी, गीता (२०५०), *खोज,* काठमाडौँ : भारद्वाज प्रकाशन ।

केशरी, गीता (२०५१), *अन्तिम निम्तो,* सेभ द चिल्ड्रेन ।

केशरी, गीता (२०५२), *विश्वास,* काठमाडौँ : गीता केशरी ।

केशरी, गीता (२०५४), *खुला आकाश,* बालकल्याण समाज ।

केशरी, गीता (२०५५), *नोकरी,* विराटनगर : वाणी प्रकाशन ।

केशरी, गीता (२०६०), *निष्कर्ष,* काठमाडौँ : पन्त प्रतिष्ठान ।

केशरी, गीता (२०६६), *बदलिँदो क्षितिज,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

केशरी, गीता (२०७०), *आमा,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, वीणा (२०६७), *विविध आयाममा नेपाली महिला,* काठमाडौँ : पैरवी बुक हाउस ।

बुभा, सिमोन द (साल ?), *महिला,* रमेश सुनुवार (अनु.), काठमाडौँ : प्रगति पुस्तक सदन ।

भद्रा, चन्द्रा (सम्पा.) (२०६७), *लैङ्गिक अध्ययन,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भासिन, कमला (सन् २०११), *पितृसत्ता के हो ?* (तेस्रो संस्क.), प्रेमबहादुर श्रेष्ठ (अनु.), काठमाडौँ : स्त्रीशक्ति ।

Abrams M. H. & Geoffrey Galt harpham (2009), A Handbook of Literary Term, New Delhi : Sengage learning India Pvt ltd.

Beauvoir, Simone De (1949), *The second sex*, Translated by Constance Borde and Sheila Malovany Chevallier, New York : Vintage books A Division of Random House Inc, 2011.

Lerner, Gerda (1986), The Creation of Patriarchy, New York : Oxford University Press.